## ब्याट्रिमा ध्यान पुऱ्याउनु पर्ने कुराहरु

- ब्याट्रि र ब्याट्रि राखेको वरीपरी सधै सफा हुनु पर्दर्छ ।
- ब्याट्रिको पोल र क्ल्याम्प (Terminal) मा ग्रिज नलगाउने, ग्रिजको सट्टामा तातोपानीले टर्मिनल सफा गरी (Petroleum Jelly) वा भेसलीन लगाउने ।
- ब्याट्रिको पोलमा भएको क्ल्याम्प (Clamp) सधै टाइट (Tight) र सफा हुनु पर्दछ ।
- ब्याट्रिको पोलहरुमा क्ल्याम्प लगाउँदा हथौडा वा कुनैवस्तुले हिर्काउनु हुदैन । क्ल्याम्प पुरा खोलेर राम्रो संग राखे पछि मात्र उचित साइजको स्पानरले (औजार) कस्नु, खोल्नु पर्छ ।
- ब्याट्रिलाई गाडीमा राख्दा, पछि ब्याट्रि नहिल्लने गरी राख्नु पर्छ । ब्याट्रिको वरिपरि धारिलो वस्तु वा टुल्स (औजार) राख्नु हुदैन ।
- प्रयोग भइरहेको ब्याट्रिलाई कम से कम ३ महिनामा एक पटक यसको पानी र स्पेसिफिक ग्राभिटि, हाइड्रो मिटरको सहायताले नाप्नु पर्छ । यदी पानी कम देखिएमा ड्रिस्टील वाटर मात्र थप्नु पर्छ ।
- ब्याट्रिमा एसिड वा अन्य पानी कहिल्यै थप्नु हुदैन ।
- गाडी धेरै दिन नचल्ने भएमा गाडीबाट ब्याट्रि झिकि चार्ज गरि राख्नु पर्छ ।
- अल्टरनेटर चार्जिङ करेण्ट र **Voltage** ठिक छ छैन समय समयमा गाडीमा चेक गर्ने गर्नु पर्छ ।
- ब्याट्री खोल्दा पहिला (-) नेगेटिभ (Terminal) क्ल्याम्प खोल्नु, पुनः फिट गर्दा (+) पोजिटिभ पहिला फिट गर्ने ।
- इन्जिनको क्षमता मुताविक ब्याट्रि राख्नु पर्छ ।

**फैक्ट्रीबाटै चार्ज भएर आएको एसिड/पानी राख्न नपर्ने लिक प्रुफ तयारी ब्याट्री तुरुन्तै प्रयोग गर्न मिल्ने ।**
**अधिक ताप तथा थरथराहटबाट कुनै असर नपर्ने ।**
**तुरुन्त स्टार्ट हुने, उच्च क्रेंकिङ- शक्तिको कारण लामो सेवा अवधि सम्मलाई ध्यानमा राखेर ब्याट्रीको डिजाइन गरीएको ।**